**DOI:** https://doi.org/10.3126/phe.v16i1.96849

# करोडौँ सूर्यहरूको अन्धकार कवितामा पारिस्थितिकी चेतना

**ज्ञानु अधिकारी**
त्रिवि, पद्मकन्या बहुमुखी क्याम्पस
Email: shabdaga@gmail.com
Orcid: https://orcid.org/0009-0008-3838-4149

**Received: March 3, 2026** **Accepted: May 25, 2026** **Publication: June 10, 2026**

## लेखसार

प्रस्तुत आलेखमा कवि अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' कविताकृतिमा सङ्गृहीत करोडौँ सूर्यहरूको अन्धकार शीर्षकको कवितालाई पाठका रूपमा लिई त्यस कवितामा प्रयुक्त पारिस्थितिकी चेतनाका प्रकृति र मानवीय संवेदनाजस्ता पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ । पर्या–कवितासङ्ग्रह भनिएको यस कृतिका अन्य कवितामा समेत पर्यावरणीय चेतना अभिव्यक्त भए पनि करोडौँ सूर्यहरूको अन्धकार कवितामा इकोलोजी अर्थात् पारिस्थितिक चेतना सघन रूपमा आएकाले यस कवितालाई मात्र यहाँ अध्ययनका लागि चयन गरिएको छ। यस आलेखमा व्याख्यात्मक एवम् विश्लेषण विधिको प्रयोग गरी कवितामा प्रयुक्त पारिस्थितिकीको निरूपण गरिएको छ । यसका लागि आर्ने नेसले व्याख्या गरेको गहिरो पारिस्थितिकीको अवधारणालाई प्रमुख आधार बनाएर कवितामा प्रयुक्त पारिस्थितिकीको व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा पारिस्थितिकी र मानवीय संवेदना तथा पर्यावरणमाथि मानवीय अतिक्रमण गरी दुईओटा सूचकहरूका आधारमा पर्यावरणीय चेतनाको विश्लेषण गरिएको छ । प्रकृति केवल मानव उपयोगका लागि मात्र नभएर यो आफैँमा मूल्यवान्, अस्तित्ववान् र महत्त्वपूर्ण हुन्छ भन्दै यसलाई मानवीय संवेदनासँग सम्बद्ध गरेर हेर्नु र त्यसैअनुरूप विश्लेषण गर्नु नै गहिरो पारिस्थितिकीको अवधारणा हो। यस अध्ययनबाट अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा प्रकृति र मानवीय संवेदनाहरूको समीकरण र संयोजनबाट गहिरो पारिस्थितिकीको निर्माण भएको र यसले श्रेष्ठका कविता भाव वा विचारका दृष्टिले मात्र नभई शिल्पशैली र कलात्मकताका दृष्टिले पनि स्तरीय बनेको र कवितालाई विशेष सौन्दर्ययुक्त बनाएको निष्कर्ष निकालिएको छ । यस कवितामा अभिव्यञ्जित पर्यावरणका कारण कवितामा पर्यावरणीय अन्तर्विषयता सघन देखिनु यसको प्राप्ति हो ।

**शब्दकुञ्जी :** अतिक्रमण, जैविकता, मानवकेन्द्री, वातावरणीय सङ्कट ।

## विषयपरिचय

प्रस्तुत अध्ययन अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा प्रयोग भएको गहिरो पारिस्थितिकीको विश्लेषणमा केन्द्रित छ । समकालीन नेपाली कवितामा पर्याचेतनासहित कविता लेख्ने पर्याकविका रूपमा परिचित अविनाश श्रेष्ठको कवितालाई यहाँ अध्ययनको क्षेत्र बनाइएको छ । पारिस्थितिक समालोचना इकोक्रिटिसिज्मको नेपाली रूपान्तर हो । साहित्य र भौतिक वातावरणबीचको सम्बन्धको अध्ययन गर्ने समालोचनाका रूपमा यसलाई लिइन्छ । अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा प्रयोग भएका पारिस्थितिकी चेतनाका विभिन्न प्रतिमानहरूमध्ये मानवीय संवेदना र पर्यावरणमाथि मानवीय अतिक्रमणजस्ता कोणहरूमा केन्द्रित रही विश्लेषण र मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य रहेको छ । पारिस्थितिकी समालोचनाले साहित्यलाई कला र सौन्दर्यका रूपमा मात्र नहेरी पर्यावरणीय चेतना निर्माण गर्ने सांस्कृतिक पाठका रूपमा व्याख्या गर्दछ भने प्रकृति र मानव संवेदनालाई जोड्ने सिद्धान्तका रूपमा यस सिद्धान्तलाई लिइन्छ । यस सिद्धान्तले प्रकृति केवल मानव उपयोगका लागि मात्र होइन, यो आफैँमा मूल्यवान् र महत्त्वपूर्ण हुन्छ भन्दै मानव र प्रकृति एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् र मानव संवेदना विकास गर्नका लागि प्रकृतिको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ (नेस, सन् १०८९, पृ. ६५) भन्ने मान्यता राखेको हुन्छ र अविनाश श्रेष्ठको प्रस्तुत कवितामा पनि यही मान्यता पाइने भएकाले प्रस्तुत कवितालाई नै अध्ययनका लागि चयन गरिएको हो ।

सामान्यतया पर्यावरणवादी अवधारणाहरू मानवकेन्द्रित रहेका देखिन्छन् भने गहन पारिस्थितिकी प्रकृतिकेन्द्रित हुन्छ । यसमा मानव अस्तित्व र प्रकृतिका बिच सम्बन्ध छ भन्ने मान्यता पाइन्छ । नेपाली कवितामा गहिरो पारिस्थितिकी चेतनाको प्रयोग गरेर २०४० को दशकदेखि नै कविता लेख्दै आइरहेका अविनाश श्रेष्ठ नेपाली पर्याकविताका प्रभावूर्ण कवि हुन् । अविनाश श्रेष्ठको यस कवितामा गहिरो पारिस्थितिकी चेतनाको प्रयोग भए पनि समग्रमा उनका कविताको विवेचना भए पनि 'करोडौँ सूर्यहरू अन्धकार' शीर्षकको एउटै कवितालाई यस सिद्धान्तका आधारमा गहन अध्ययन तथा विश्लेषण भने अहिलेसम्म भएको पाइँदैन । कवितामा कसरी गहिरो पारिस्थितिकीको प्रयोग गरिएको छ र यसले कवितामा केकसरी पृथक्ता ल्याएको छ भन्ने जिज्ञासामा समेत आधारित भएर तयार पारिएको यस आलेखले अविनाश श्रेष्ठका कविताको अध्ययनमा देखिएको उक्त रिक्ततालाई मेटाउने भएकाले पनि यो विषय अध्ययनीय देखिन्छ ।

## अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धान पूरा गर्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरी समकालीन नेपाली कवितामा पर्याकविता लेखनमा मूल प्रवृत्ति बनाएका अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा प्रयुक्त पारिस्थितिक चेतना ध्वनित गर्ने कवितांशहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ र पाँच पृष्ठमा लेखिएको यस कविताका प्रमुख अंशहरूलाई मात्र

विश्लेषणका लागि चयन गरिएको छ । यसरी सङ्कलित सामग्रीबाट प्राप्त तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। यस लेखमा उपर्युक्त प्राथमिक र द्वितीयक दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा प्रयुक्त गहिरो पारिस्थितिक चेतनाको अध्ययन गरिएको छ । कवितामा प्रयोग भएको पारिस्थितिकी चेतनाको प्राज्ञिक अध्ययन गर्नका लागि विश्लेषणको एउटा सैद्धान्तिक आधार तयार पारिएको छ र निगमनात्मक विधिको प्रयोग गरेर सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ । यस अध्ययनमा मूलतः अविनाश श्रेष्ठका 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितासङ्ग्रहमा रहेका अन्य कविताहरूमध्ये गहिरो पारिस्थितिक चेतनाको प्रयोग भएको शीर्षकविता 'करोडौँ सूर्यहरूको अन्धकार' कविताका उद्धरणहरूलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी प्राप्त सामग्रीको अध्ययन विश्लेषण गरिएको छ।

गहन पारिस्थितिकी एउटा पर्यावरणीय दर्शन हो र पृथ्वीमा अवस्थित प्रकृति स्वयंमा जटिल अन्तर्सम्बन्धहरूको एउटा सूक्ष्म सन्तुलन हो । यसमा एउटा जीवको अस्तित्व अन्य जीवहरूको अस्तित्वमा निर्भर हुन्छ (श्रेष्ठ, पृ. १९१) भन्ने पारिस्थितिक प्रणालीलाई नै पारिस्थितिकी सिद्धान्त भनिन्छ । यसमा कुनै पनि वातावरणमा रहने जैविक र अजैविक तत्त्वहरू बिच शक्ति र पदार्थ आदानप्रदान हुनाका साथै जैविक तत्त्वहरूका बीच पनि यस्तै घनिष्ट सम्बन्ध रहेको हुन्छ । यसर्थ वातावरणमा रहेको जैविक तथा अजैविक तत्त्वहरूको समग्रता नै पारिस्थितिक प्रणाली हो । मानिसले प्रकृति अनि पारिस्थितिकीमाथि हस्तक्षेप गर्दा परिवृत्तीय-प्रणालीको सूक्ष्म सन्तुलन खलबलिने गर्दछ र संवेदनशील प्राकृतिक जैव व्यवस्थामा आघात पुग्दछ। यसरी अवाञ्छित मानवीय गतिविधिका कारण प्रकृति र पारिस्थितिकीले धेरै ठुलो क्षति बेहोरिसकेको (श्रेष्ठ, पृ. १९१) कुरालाई अविनाश श्रेष्ठको यस कवितामा प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ। यसरी साहित्य वा कवितामा प्रयोग भएको पर्यावरण र पारिस्थितिकीको अध्ययन गर्ने सिद्धान्त नै इकोक्रिटिसिज्म अर्थात् पर्यासमालोचना हो । यसलाई साहित्य र भौतिक वातावरणबीचको सम्बन्धको अध्ययन (ग्लोटफेल्टी र ह्यारोल्ड, सन् १९९६, पृ.११) भनेर पनि अर्थ्याइएको पाइन्छ ।

पर्यावरणीय अध्ययनले साहित्यमा प्रकृतिप्रति जागरुकताका साथै मान्छे र प्रकृतिलाई अलगअलग रूपमा नहेरी उनीहरूको बीचको गहिरो अन्तर्सम्बन्धलाई हेर्छ। यसले पछिल्लो समय बढ्दैगएको पारिस्थितिक सङ्कटप्रति चासो राख्छ। खासगरी आधुनिक साहित्यमा जलवायु परिवर्तन, जैविक विविधतामा क्रमशः आइरहेका ह्रास, फैलँदै गएको प्रदूषणजस्ता पर्यावरणीय असरहरूका कारकका रूपमा मान्छेलाई मान्दै यसले पारेका प्रभावहरूको विश्लेषण गर्छ । प्रकृति र पारिस्थितिकीले मानिसका कारण बेहोर्नुपरेको भयावह हानीनोक्सानीको अनुगमन अध्ययनको निष्कर्षस्वरूप त्यसको सही व्यवस्थापन साथै प्रतिकारका निम्ति गहन पारिस्थितिकी सिद्धान्तको सूत्रपात सन् १९७० को दशकमा अर्ने नेसको अगुवाइमा भएको

हो (श्रेष्ठ, पृ. १९१) । प्रकृतिप्रति गहिरो संवेदना र आत्मीयता व्यक्त गर्ने गहिरो पारिस्थितिकी सिद्धान्तले नियम र कानुनको डरले मात्र होइन, प्रकृतिलाई स्वतस्फूर्त रूपमा प्रेम गर्न र प्रकृतिप्रति संवेदनशील हुनुपर्ने कुरालाई जोड दिन्छ । मान्छेले प्रकृतिलाई आफ्नै अस्तित्वसँग जोडेर आत्मिक सम्बन्ध कायम राखेमा मात्र प्रकृतिप्रति न्याय हुने (नेस, सन् १९८९, पृ. १८) कुरालाई यस सिद्धान्तले प्रमुख रूपमा उठाएको छ ।

साहित्यमा पारिस्थितिकी भन्नाले मानव, प्रकृति, वातावरण र सांस्कृतिक संरचनाका बीचको सम्बन्धलाई साहित्यिक पाठमार्फत अध्ययन गर्ने सिद्धान्त भन्ने बुझिन्छ । यसलाई पर्यावरणीय समालोचना वा इकोलोजिकल थ्यौरीका रूपमा पनि अर्थ्याइन्छ । गहिरो पारिस्थितिकी पर्यावरणसम्बन्धी एक दार्शनिक सिद्धान्त हो र यस सिद्धान्तले मानव र प्रकृति बीच गहिरो नैतिक, भावनात्मक र अस्तित्वगत सम्बन्ध रहेको हुन्छ (नेस, सन् १९८९, पृ. १८) भन्ने मान्यता राख्दछ । पारिस्थितिकी सिद्धान्तको अर्को महत्त्वपूर्ण पक्ष भनेको मानिसले अपनाएको उपभोक्तावादी जीवनशैलीको आलोचना गर्नु हो । यसले प्रकृतिको अत्यधिक उपभोग, औद्योगिक लोभ र प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहनलाई वातावरणीय सङ्कटको मुख्य कारण मान्दै यसको आलोचना गर्दछ (नेस, सन् १९८९, पृ. २१) । गहिरो पारिस्थितिकी सिद्धान्तले प्रकृतिलाई केवल एउटा निस्क्रिय वस्तुका रूपमा नभई एक सक्रिय पात्रका रूपमा हेर्दछ र र प्रकृतिलाई मानवीय जीवनलाई प्रभावित गर्ने तत्त्वका रूपमा परिभाषित गर्दछ । साहित्यमा गहिरो पारिस्थितिकी सिद्धान्त त्यस्तो आधार हो, जसका माध्यमबाट हामी प्रकृतिसँग निकट रहेर आफ्ना जटिल तथा विनाशकारी सम्बन्धका बारेमा साहित्यका माध्यमबाट अभिव्यक्त गर्दछौँ । सबै जीवको समान अस्तित्वको अधिकारलाई यस सिद्धान्तले विशेष जोड दिन्छ । मानव, जनावर, वनस्पति, नदी, पहाड, जङ्गल आदि सबैलाई बाँच्न, हुर्कन बढ्न, विकास हुन समान नैतिक अधिकार छ भन्ने कुरालाई जोड दिने यस सिद्धान्तले मानव जीवन अन्य जीवनभन्दा श्रेष्ठ होइन भन्ने मान्यता राख्छ । यस सिद्धान्तका मूलप्रतिमानका रूपमा रहेका मानवीय संवेदना र पर्यावरणमाथि मानवीय अतिक्रमणलाई विश्लेषणको आधारका रूपमा ग्रहण गरिएको छ ।

## विमर्श र परिणाम

गहिरो पारिस्थितिकी मानवीय सोचबाट भन्दा पनि प्रकृतिकेन्द्री सोचबाट निर्मित सिद्धान्त हो । प्रकृतिलाई मानवीय कोणबाट हेर्दा यो मानिसका लागि लाभदायक, उपयोगी र आवश्यक वस्तुका रूपमा चित्रित गरिएको र यसको संरक्षण आवश्यक भएको दृष्टिकोणबाट मात्र हेरिएको पाइन्छ । प्रकृति मानवका लागि होइन, प्रकृति प्रकृतिकै लागि हो भन्दै मानिस र प्रकृति पृथ्वीको समान अस्तित्व भएको तत्त्वका रूपमा गहिरो पारिस्थितिकी सिद्धान्तले प्रकृतिलाई हेरेको पाइन्छ । यसले प्रकृतिका सम्बन्धमा बनेको मानवकेन्द्री सोचको विरोध गर्दछ । परम्परागत रूपमा चल्दै आएका वातावरणीय सोचले प्रकृतिलाई मानिसको सुविधा, विकास र आवश्यकताका लागि प्रयोगमा आउने साधनका रूपमा हेर्ने सोचप्रति गम्भीर असन्तुष्टि राख्ने यस सिद्धान्तले मानिस प्रकृतिको मालिक होइन, प्रकृतिको एक भाग

वा एउटा सानो अश हो भन्ने मान्यता राख्दछ । पर्यावरण मासिए मान्छे मासिन्छ भनेर मान्छेलाई जुन काव्यिक चेतावनी दिइएको छ यस कवितामा र त्यो कवि अविनाशले समातेको इको क्रिटिसिज्म धार हो र पर्यालेखनको चुरोमा मान्छे नभएर पर्यावरण नै रहनुपर्छ भन्ने गहिरो पारिस्थितिकी सिद्धान्तलाई पनि कविले आफ्ना कवितामा सघन रूपमा अभिव्यक्त गरेका छन् । यस कवितामा अभिव्यक्त पारिस्थितिकीलाई यसप्रकार विश्लेषण गरिन्छ :

## पारिस्थितिकी र मानवीय संवेदना

पारिस्थितिकीको सम्बन्ध मानवीय संवेदनासँग पनि हुन्छ र यो गहन पारिस्थितिकीको मूल मान्यता पनि हो । यस मान्यताले प्रकृति र पर्यावरणको सम्बन्ध मानवीय संवेदनासँग जोडिएको हुन्छ भन्ने कुरालाई गहिरो तरिकाले अध्ययन गर्छ । मानिसले पृथ्वीलाई बिगार्ने, फुकाल्ने, यहाँका रुखहरू काट्ने-रोप्ने, पानी थुन्ने, बङ्ग्याउने, मार्ग बनाउने, सुरुङ खन्ने, ग्यास छोड्नेजस्ता केही गर्ने अधिकार छैन । पृथ्वीलाई छुने पनि अधिकार छैन । त्यसैले केही नचलाऊ, केही नछोऊ । प्राणी र वनस्पतिलाई तिमीले माया देखाउने होइन, ती नछोऊ (भट्टराई, २०८०, पृ. २६) । यसरी जीवकेन्द्रित स्वतन्त्रताको पक्षमा बोलिने गहन पारिस्थितिकी चेतना अविनाश श्रेष्ठका अन्य धेरै कवितामा पाइए पनि यसको सबैभन्दा प्रभावकारी प्रयोग 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको कवितामा पाइनेहुनाले यहाँ यस कविताका अंशहरूलाई मात्र विश्लेषण गरिएको छ । कविले यस कवितामा प्रकृतिका रूपहरूलाई र मानवीय संवेदनासँग समीकरण गर्दै प्रकृतिको गुण एकआपसमा मिल्ने कुरालाई सूत्रात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ ।

> लुप्त हुँदैछ
> बाघजसरी नै - आस्था
> घट्दै छ
> माटोभित्र पानीको सतह जसरी नै - मित्रता
> झर्दै छन्
> एक-एक गरी
> शिशिरमा रुखका पातसरी - शिष्टता/भद्रता/आचार/विचार/सदाचार । (पृ. ५९)

प्रस्तुत कवितांशमा प्रकृतिमा लुप्त हुँदै गएका वस्तुहरूसँग मानवीय संवेदना पनि क्रमशः लुप्त हुँदै गएको कुरालाई उदाहरणसहित प्रस्तुत गरिएको छ । यहाँ प्रकृतिबाट कुनै चिज गुमाउनु भनेको त्यो कुरा मात्र गुमाउनु होइन, धेरै कुरा गुमाउनु हो भनेर पारिस्थितिक चेतनालाई प्रस्तुत गरिएको छ । जङ्गलबाट बाघहरू लुप्त हुँदा त्यसैगरी मान्छेको आस्था पनि लुप्त हुँदै गएको र माटोभित्र पानीको सतह जसरी नै एकअर्काका बिचको मित्रता पनि घट्दै गइरहेको र शिशिरमा रुखका पात एकएक गरी झर्दै गएजस्तै मान्छेभित्र भएका शिष्टता, भद्रता, आचार, विचार, सदाचारजस्ता गुणहरू पनि एकएक गरी झर्दै गएको भाव यहाँ व्यक्त गरिएको छ । यसरी मानिससँग प्रकृति, जीवजन्तु र वातावरणसँग

रहेको अन्योन्याश्रित सम्बन्धलाई देखाइएकाले यहाँ कविताका माध्यमबाट कविको पारिस्थितिकी चेतना अभिव्यक्त भएको छ ।

र कवि जोगाउन चाहन्छ :
उद्भिदजस्तो हरियो उत्साह
पानीजस्तो सङ्लो सदाशयता
प्रकृतिजस्तो विशिष्ट मुस्कान
आँसुजस्तो पवित्र उद्देश्य
आकाशजस्तो फराकिलो मुटु
र पोटासियम सायोनाइड जस्तो अचुक दृढता । (पृ. ६१)

प्रस्तुत कवितांशमा प्रकृति र मानवको संवेदनालाई समीकरण गरी प्रतीकात्मक रूपमा मानिसमा पनि प्रकृतिकै गुणहरू रहेको कुरा उल्लेख गरिएको छ । यस कवितांशमा प्रयुक्त मान्छेभित्रको उत्साहलाई हरियो उद्भिदजस्तो, सदाशयतालाई सङ्लो पानीजस्तो, मुस्कानलाई विशिष्ट प्रकृतिजस्तो, उद्देश्यलाई पवित्र आँसुजस्तो, मुटुलाई फराकिलो आकाशजस्तो र मानिसभित्रको दृढतालाई अचुक पोटासियम सायोनाइडजस्तो भनी अर्थ्याइएको छ । कवितांशमा आएका हरियो उद्भिद, सङ्लो पानीजस्तो, मुस्कानलाई विशिष्ट प्रकृति, फराकिलो आकाश आदि पदपदावलीले पर्यावरण र मानवीय संवेदनालाई अभिव्यक्त गरेका छन् । यसरी मानिसको स्वभाव, गुण र संवेदनाहरू प्रकृतिकै अंश हुन् र यी दुई आफैँमा स्वतन्त्र अस्तित्वका रूपमा रहे पनि अविभाज्य छन् भन्ने कुरा कवितामा अभिव्यक्त भएको छ र त्यसको एउटा उदाहरण यसप्रकार छ :

तर पृथिवीको आयु
लम्ब्याउन सक्छ -
न जीवाणुले/न कीटले/न पतङ्गले/न पन्छीले
न पशुले/न त निरपेक्ष ईश्वरले नै ।
सृष्टिलाई श्रद्धा गर्ने
प्रकृतिलाई पुज्ने
मान्छे मात्र छ समर्थ
दिन दीर्घजीवनको उपहार
सौन्दर्यको पुरस्कार
वसुधालाई । (पृ. ६२-६३)

प्रस्तुत कवितांशमा पृथ्वीलाई वसुधाका रूपमा सम्बोधन गर्दै पृथ्वी र प्रकृति दुवैलाई देवीका रूपमा मानेर पूजा गर्ने पूर्वीय संस्कृतिलाई सङ्केत गरेको देखिन्छ । आज अत्यन्तै सङ्कटमा परेको प्रकृतिलाई

संरक्षण गर्ने जोगाउने काम यदि कसैले गर्न सक्छ भने त्यो केवल मान्छेले मात्र गर्न सक्छ भन्ने भाव यस कवितांशमा प्रस्तुत गरिएको छ । यो पृथ्वीको आयु लम्ब्याउन र प्रकृतिलाई स्वतन्त्र अस्तित्वमा रहनसक्ने वातावरण बनाउन यदि कसैले सक्छ भने त्यो मान्छेले मात्र सक्ने कुरा बताइएको यस कवितांशमा उल्लेख गरिएको छ । पृथ्वीका अनेकौं कीटाणु, कीटपतङ्ग, पशुपन्छी, वनस्पति र निरपेक्ष ईश्वरले समेत अब पृथ्वीको आयु लम्ब्याउन नसक्ने तर चाह्यो भने मान्छे गर्नसक्ने बताइएको छ । मान्छेका पुर्खाहरूले पहिलेदेखि नै सृष्टिलाई श्रद्धा गर्ने, प्रकृतिलाई पुज्ने र जीवनकै अभिन्न मान्नेगरेको हुँदा मान्छेले मात्र यो पृथ्वीलाई दीर्घजीवनको उपहार अनि प्राकृतिक सौन्दर्यको उपहार दिनसक्छ भन्ने कुरा व्यक्त गरिएको छ । भारतीय काव्यशास्त्र र सौन्दर्य शास्त्रलाई गम्भीर अध्ययन गर्दा प्रकृति र पारिस्थितिकी विज्ञानका तथ्यहरू पाइन्छन् । वेददेखि लिएर पुराण र उपनिषद् आदिले मानव जीवनको मात्र नभई साहित्यकै मुख्य आधार प्रकृतिलाई मानेको छ र वास्तवमा प्रकृतिलाई नयाँ प्रकारले बुझ्ने र अध्ययन गर्ने अवधारणाका रूपमा हरित आध्यात्मिकता महत्त्वपूर्ण छ (हितान, २०८१, पृ. ६७) । यसरी मान्छेकै पूर्वजहरूले हरित आध्यात्मिकताका रूपमा पृथ्वी र प्रकृतिलाई लिएको हुँदा आजका मान्छेले पनि यसलाई अनुसरण गर्दै पृथ्वीलाई दीर्घजीवन दिनसक्ने कुरा प्रस्तुत गरिएकाले प्रस्तुत कवितांशमा गहिरो पारिस्थितिकी चेतना अभिव्यक्त भएको छ । प्रस्तुत कविताको कतिपय अंशमा प्रकृति र यसका रङ्गहरूलाई मानवीय संवेदनाको प्रतीकका रूपमा प्रस्तुत गर्दै मानव र प्रकृतिको गुण एउटै हुने कुरा पनि प्रस्तुत गरिएको छ । यसै कुरालाई तलको कवितांशले यसप्रकार देखाएको छ :

जुन दिन बिलाउनेछ पृथिवीबाट :
पृथिवी गर्भको आगोसँगै रातो रङ्ग - उन्मत्त सङ्घर्षको
आकाशसँगै नीलो रङ्ग - सुकोमल सपनाको
घामसँगै स्फटिक रङ्ग - अलभ्य जीवन्तताको
रुखसँगै हरियो रङ्ग - अपार्थिव सजीवताको
तोरीको फूलसँगै पहेँलो रङ्ग - स्वप्निल मूर्च्छनाको
नदीसँगै नीरपानी रङ्ग- अधीर जिजीविषाको
चराको प्वाँखसँगै छिरबिरे रङ्ग - उड्ने आकाङ्क्षाको
प्रगाढ रातसँगै कालो रङ्ग - निबिड रहस्यको
आमाको दूधसँगै सेतो रङ्ग - अमर अपनत्वको । (पृ. ६४)

प्रस्तुत कविताांशमा मानिस पनि प्रकृतिकै एउटा अंश भएकाले उसभित्रका हरेक संवेदना र स्वभावहरू प्रकृतिजन्य भएको कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । पृथ्वीबाट प्राकृतिक कुराहरू हराउँदै जानु भनेको मान्छेबाट पनि तत्तत् गुण र संवेदना लोप हुँदैगएको यथार्थलाई मनन गर्नुपर्ने भाव यहाँ अभिव्यक्त भएको छ । यस कवितांशमा पृथ्वीबाट प्राकृतिक रङ्गहरू हराउनु भनेको मान्छे र प्रकृतिबीच तादात्म्य हराउनु हो । यसरी नै एकआपसको आडभरोसा बिलाउनु भनेको पृथ्वीमा मृत्युको

चिसो हिउँ निम्त्याउनु हो । अनि करोडौँ सूर्यहरूको अन्धकार हो । यिनै कुरा बिलाएर गइरहेको देखेर अत्यन्त चिन्तित बनेका कविका आँखाअघि पृथ्वीको अन्धकारमय भविष्य उभिन्छ (सुब्बा, २०८१, पृ.१३२) । यस कवितांशमा यसरी नै पृथ्वीलाई दोहन गर्दै र भत्काउँदै जाँदा यदि पृथ्वीबाट गर्भको आगोसँगै रातो रङ्ग विलीन भयो भने मान्छेमा हुने उन्मत्त सङ्घर्ष पनि बिलाउने, आकाशसँगै नीलो रङ्ग विलीन भयो भने मानिसभित्रका सुकोमल सपना पनि विलीन भयो भने घामसँगै स्फटिक रङ्ग विलीन भयो भने अलभ्य जीवन्तता नै बिलाएर जाने कुरा प्रस्तुत गरेका छन् । यसैगरी यहाँ रुखसँगै हरियो रङ्ग लुप्त भयो भने अपार्थिव सजीवताको पनि विनाश हुने, तोरीको फूलसँगै पहेँलो रङ्ग हरायो भने स्वप्निल मूर्च्छनाको पनि अन्त्य हुने र नदीसँगै नीरपानी रङ्ग विलीन भयो भने सृष्टिकै अधीर जिजीविषाको समेत अन्त्य हुने कुरा देखाई प्रकृति केवल प्रकृति मात्र होइन यो सृष्टिकै आधार हो र संवेदनाहरूको पुञ्ज हो भन्ने गहिरो पारिस्थितिकी चेतनालाई अभिव्यक्त गरिएको छ । यस्तै यस कवितांशमा पृथ्वीमाथिको आघातले यदि चराको प्वाँखसँगै छिरबिरे रङ्ग हराएमा मानिसभित्रको उड्ने आकाङ्क्षाको पनि अवसान हुने प्रगाढ रातसँगै कालो रङ्ग लोप भयो भने निबिड रहस्य पनि लुप्त भएर जाने र आमाको दूधसँगै सेतो रङ्ग बिलायो भने अमर अपनत्वको अवसान हुने कुरालाई प्रतीकात्मक रूपमा देखाई मानवीय संवेदनाहरूलाई प्राकृतिक रङ्गसँग समीकरण गरी देखाइएको छ । यसरी प्रकृतिलाई आफैँमा पूर्ण र स्वतन्त्र अस्तित्व भएको तत्त्वका रूपमा चित्रण गरिएकाले प्रस्तुत कवितांशमा गहिरो पारिस्थितिकी चेतना सबल रूपमा अभिव्यक्त भएको छ ।

## ३.२ पर्यावरणमाथि मानवीय अतिक्रमण

पारिस्थितिकीय प्रणाली बिग्रेकामा अहिले मान्छे नै चिन्तित देखिएको छ भने प्रकृति र पर्यावरणमाथि अतिक्रमण गर्ने मूल कारक तत्त्वका रूपमा पनि मान्छे नै देखिएको छ । पारिस्थितिक प्रणालीमाथिको मानवीय अतिक्रमण नहटेसम्म पृथ्वी सम्पूर्ण प्राणीको हुन सक्दैन । मान्छे र प्रकृतिका बीच मान्छेले नै एउटा दुरी खिच्न थालेकाले विश्ववातावरणमा सङ्कट उत्पन्न भएको हो । मान्छेको यस क्रियाकलापले मान्छे स्वयम् दु:खी हुँदै विस्तारै एक्लिँदै गएको (त्रिपाठी, २०८०, पृ.७५) कुरा प्रस्तुत सङ्ग्रहका धैरै कवितामा अभिव्यक्त भएको छ । यो पारिस्थितिकीप्रतिको स्रष्टाको धर्म पनि हो । वतावरणीय समालोचनाले यसै कुरालाई हेर्दछ र यो मानेतर जगत् अर्थात् पशुप्राणी, पङ्क्षी, जलचर, वनस्पति, जल, वायु आदिसँग सम्बन्धित साहित्यको अध्ययनमा केन्द्रित छ । खास गरेर तीव्र भौतिक विकासले वनजङ्गलको ठाउँ कङ्क्रिटको जङ्गलले लिएपछि स्रष्टाहरूले वातावरणप्रति सचेत हुँदै र वातावरणीय विनाशप्रति चिन्तित हुँदै साहित्य सृजना गर्न थाले (गौतम, २०७०, पृ. ४०) । 'करोडौँ सूर्यहरूको अन्धकार' शीर्षकको विवेच्य कवितामा यो दृष्टिकोण अझ सघन बनेर आएको छ । पारिस्थितिकीय प्रणालीमाथिको मानवीय अतिक्रमण र आक्रमणबाट भविष्यमा ब्रह्माण्डले अर्थात् यस पृथ्वीका चराचर जगत्ले भोग्नुपर्ने त्रासद परिस्थितिलाई यस कविताले गम्भीर रूपमा अभिव्यक्त गरेको पाइन्छ । यस्तै एउटा कवितांश यसप्रकार छ :

कविलाई थाहा छ :
करोडौँ सूर्यहरूको अन्धकार
झेल्नु नै पर्नेछ एक दिन
ब्रह्माण्डले
तर त्यसभन्दा पहिले नै
सकिनेछ आयु
पृथिवीको ।
यही यथार्थ हो
उज्यालो जस्तै छङ्ग
निर्विवाद र पारदर्शी ।
अनि यही नै हो प्रकृति :
प्रगाढ नियमबद्ध
र रहस्यमय । (पृ.६२)

यस कवितांशमा मानिसले यसैगरी प्रकृतिलाई आफ्नो उपभोग्य साधन मानेर अन्धाधुन्ध उपभोग गरिरह्यो भने र पृथ्वी र प्रकृतिलाई दोहन गरेर दुरुपयोग गरिरह्यो भने मान्छेको आयुभन्दा पनि पहिले नै पृथ्वीको आयु सकिने कुरा व्यक्त गरिएको छ । यस कवितांशमा पृथ्वीलाई घाइते बनाइसकेर प्रकृतिको विनाश गर्दा करोडौँ सूर्यहरू उदाउँदा पनि यो पृथ्वी अन्धकार नै रहने सम्भावित यथार्थलाई प्रस्तुत गरिएको पृथ्वीको आत्मा मात्र नभएर मानिसको प्राण नै प्रकृति हो भन्ने आशय व्यक्त गरिएको छ । आफ्नै गति र नियममा चलिरहने र आफ्नै लयमा परिवर्तन भइरहने प्रकृतिको प्रगाढ नियमलाई भत्काएपछि र यसको रहस्यका आयामहरूलाई आत्मसात् गर्न नसकेपछि पृथ्वीले असामयिक रूपमा आफ्नो आयु गुमाउँदै गएकोप्रति गहिरो चिन्ता व्यक्त गरिएको यस कवितांशमा यी सबैको जिम्मेवार मानिस नै भएकाले यो विनाशको दोषी पनि उही नै भएको कुरा यहाँ व्यक्त गरिएको छ । प्रकृतिकै अंशका रूपमा रहेको मानिसले प्रकृतिलाई हानी पुऱ्याउनु भनेको आफैँलाई हानि पुऱ्याउनु हो । प्रकृतिका विभिन्न प्रजातिहरू क्रमशः लुप्त हुँदै गएजस्तै एक दिन मानव आफै लुप्त हुने अवस्था आउने कुरालाई पनि यस कविताका केही अंशले सङ्केत गरेका छन् । यस सन्दर्भलाई तल दिइएको कवितांशमा यसप्रकार प्रस्तुत गरिएको छ :

डायनोसर जसरी नै पृथिवीबाट
लुप्त हुनेछ एक दिन मान्छेको प्रजाति
तर त्यसभन्दा अगाडि नै लुप्त हुँदै छ - मानवता
लुप्तप्रायः छ - उदारता
लोप हुँदै छ - विश्वास, साँचो सद्भाव

लोपोन्मुख छ - विनम्रता
अबोध पवित्रता । (पृ.६०)

प्रकृतिमा आएको विनाशले केवल पृथ्वी मात्र विनाश हुँदैन मानिसका संवेदनाहरूको समेत विनाश हुन्छ भन्ने भाव यस कवितांशमा अभिव्यक्त भएको छ । डायनोसर यो पृथ्वीबाट लुप्त भए जसरी नै एक दिन मान्छेको प्रजाति पनि पृथ्वीबाट लुप्त भएर जाने सम्भावना व्यक्त गर्दै यहाँ मानिसको प्रजाति लुप्त हुनुअघि नै मानवताको विनाश भइसक्ने कुरा पनि व्यक्त गरिएको छ। यसरी मानिस र प्रकृतिबीच अन्योन्याश्रित सम्बन्ध रहने हुनाले प्रकृतिमाथि आघात पुग्नु भनेको कुनै न कुनै रूपमा मानवीय गुण र मानवीय संरचनामा पनि आघात पुग्नु हो र यसको परिणाम भनेको पृथ्वीकै अन्त्य हुनु हो भन्ने पारिस्थितिकी चेतना यस कवितांशमा प्रस्तुत भएको छ । विशेष पाश्चात्य सांस्कृतिक तथा धार्मिक मूल्यले मानव र प्रकृतिको द्वैत अर्थात् पृथक्पृथक् सत्ता देख्छ अनि प्रकृतिलाई मानिसहरूका निमित्त भोग्या ठान्छ, तर पूर्वीय सांस्कृतिक मूल्यले प्रकृतिलाई सदैव पूज्य ठान्छ (सुब्बा, २०८१, पृ.१२७) । प्रकृतिमाथि गरिएको ज्यादती र दोहन पनि मानिसको भौतिकवादी सोचकै उपज भएको कुरा यस कवितांशमा आएको छ। मान्छेले गरेको भौतिक विकास कसरी प्रकृतिमाथि विनाश बनिरहेको छ भन्ने कुरालाई तलको कवितांश यसप्रकार देखाइएको छ :

परबाट
उडेर आउनेछ घरिघरि
विषसरि
बारुद मुछिएको धुवाँ
अनि बतासमा घोलिन थाल्नेछ
काँचो मानव-मांस पोलिएको दुर्गन्ध
जहाँ हार्नेछ सभ्यता
अनि पराजित हुनेछ मान्छेको संस्कृति
मान्छेका चिन्तन र दर्शनसँग
बँच्ने छैन रुनका लागि आँसु । (पृ. ६६-६७)

मानिसले पृथ्वीमा गरेको औद्योगिक विकास, आणविक हातहतियारको निर्माणले मानिस दिनप्रतिदिन भौतिकवादी हुँदै गएको र प्रकृतिबाट टाढिँदै गएको यथार्थप्रति यस कवितांशमा चिन्ता व्यक्त गरिएको छ । मानिसको आफ्नै अहम्, घमण्ड र सङ्कीर्णताले विश्वमा फैलिरहेको आणविक युद्ध र यसले प्रकृतिमा पार्ने नकारात्मक असरलाई देखाइएको यस कवितांशमा विषजस्तै बारुद मुछिएको धुवाँ अनि मान्छेको काँचो मासु पोलिएको दुर्गन्ध जब बतासमा घोलिएर फैलनेछ तब त्यो विष मुछिएको धुवाँको प्रवाहले मानवसभ्यतालाई नै हराउने कुरा यहाँ व्यक्त गरिएको छ । प्रकृतिमाथि गरिएको त्यो बर्बर दमन र ज्यादतीले मान्छे बनाएको लामो संस्कृतिको पनि पराजय त हुन्छ नै मान्छेका चिन्तन र दर्शन

पनि पराजित हुने कुरा बताउँदै त्यतिबेला मानिस आफू पनि असहाय हुने कुरा यहाँ व्यक्त गरिएको छ । प्रकृतिलाई आफ्नो नियन्त्रणभित्रको साधन मान्ने मानिसको स्वार्थी सोचले गर्दा ऊ स्वयम् पृथ्वीमा बाँच्न नसक्ने अवस्थामा पुग्ने पारिस्थितिकी चेतनालाई यस कवितांशमा प्रभावकारी रूपमा प्रयोग गरिएको छ । मान्छेले आफूलाई विजेता र उपभोक्ता दुवै ठान्ने प्रवृत्ति हावी हुँदै आएको छ । मान्छे आफैँ प्रकृतिलाई विजेय र उपनिवेश्य वस्तु बनाउन तम्सिएको छ भन्ने कुरालाई माथिको कवितांशले अभिव्यक्त गरेको छ । कविले यस कवितांशमा प्रकृतिमाथि मानिसले अन्याय गरेको कुरालाई केवल मानिसले मात्र महसुस गर्न सक्ने भएकाले यस कुरालाई सच्याउन र प्रकृतिलाई आफ्नै गति, लय, नियम र रहस्यमा बाँच्न दिन र त्यस किसिमको वातावरण सिर्जना गर्न पनि केवल मानिसले मात्र सक्ने भएकाले मानिस नै यसका लागि जुट्नुपर्ने कुरासमेत केही कवितांशमा प्रस्तुत गरिएको छ । त्यस्तै पृथ्वीमाथिको अतिक्रमण भनेको प्रकृतिमाथिको प्रहार हो भन्दै यस्ता प्रहारले सृष्टिको सौन्दर्य नष्ट हुन्छ भन्ने पारिस्थितिकी चेतना प्रस्तुत गरिएको कविताको एउटा अंश यसप्रकार छ :

जसले, निर्ममतापूर्वक आफ्ना खतरनाक दाह्रा गाड्छ  
रुखको रुद्रघण्टीमा  
र, रेट्छ,  
भुत्ल्याउँछ - जगल्ट्याउँछ जङ्गलहरू  
सखाप पार्छ सिमसारहरू,  
जलाधारहरू !  
जसको कारण  
        सृष्टिका सारा सुन्दरताहरू  
        शिथिल हुँदै सिद्धिन्छन्,  
        निथ्रिन्छन् र शेष रहन्छ  
        नीरस, निस्सार अन्धकार ।  
त्यो अधम अन्धकार :  
जो करोडौँ सूर्य बले पनि  
फेरि उज्यालिनेछैन । (पृ. ६४)

प्रस्तुत कवितांशमा यस पृथ्वीमा निर्ममतापूर्वक आक्रमण गर्ने, रुखको रुद्रघण्टीमा खतरनाक दाह्रा गाड्ने र प्रकृतिलाई हरतरहले *रेट्ने, भुत्ल्याउने र जगल्ट्याउने* गर्ने अरू कोही नभएर आजका मानिस नै भएको कुरालाई सङ्केत गरिएको छ । यस कवितांशमा जङ्गलहरू सखाप पार्ने, सिमसारहरू, जलाधारहरू मास्नेजस्ता काम पछिल्लो समय हुँदैगएको र मानिसको संवेदनामा पनि ह्रास आउँदै गएको कारण सृष्टिका सारा सुन्दरताहरू शिथिल हुँदै सिद्धिने, निथ्रिने यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ पृथ्वी आफैँमा एक पारिस्थितिक खोपी हो, जहाँ जीव वा वनस्पतिको विशेष प्रजाति उत्पन्न हुन्छ,

फैलिन्छ, रमाउँछ, बढ्छ र आफूलाई सुरक्षित ठान्दछ । त्यस प्रजातिलाई टिकाइराख्ने अनेक तत्त्व हुन्छन् – खाना, आवास, तापक्रम, तिनीहरूलाई खेद्ने अरू तत्त्व अर्थात् परभक्षी/परजीवी अन्य प्रतिस्पर्धी, जलवायु आदि हुन्छन् (भट्टराई, २०८०, पृ. २५) ती सबैलाई स्वतन्त्र रूपमा गतिशील हुन दिइएन भने यो पृथ्वी नीरस, निस्सार अन्धकार हुने तर्क यहाँ प्रस्तुत गरिएको छ । यसरी प्रकृतिको विनाशले मानवीय संवेदनाका मात्र ह्रास नभई पृथ्वीको नै विनाश हुने र पृथ्वीमा करोडौं सूर्य बले पनि फेरि उज्यालो फैलन नसक्नेगरी अधम अन्धकार व्याप्ति हुने विचार यस कवितांशमा प्रस्तुत गरिएको छ । यसरी माथि प्रस्तुत गरिएका कवितांशले प्रकृतिप्रति गहिरो संवेदना र आत्मीयता व्यक्त गर्दै गहिरो पारिस्थितिकी सिद्धान्तका मान्यताहरूलाई प्रस्तुत गरेका छन् । यहाँ नियम र कानुनको डरले मात्र नभई प्रकृति जगत्लाई स्वतस्फूर्त रूपमा प्रेम गर्न र प्रकृतिप्रति संवेदनशील हुनुपर्ने कुरालाई जोड दिइएकाले प्रस्तुत कवितांशहरूमा गहिरो पारिस्थितिकी चेतना प्रस्तुत भएका छन् ।

## निष्कर्ष

साहित्यका विभिन्न विधामा अभिव्यक्त पर्यावरणीय अन्तर्वस्तु र अन्तर्विषयलाई पर्यावरणीय समालोचना सिद्धान्तका विभिन्न प्रतिमान वा सूचकहरूका आधारमा गरिने अध्ययन नै पर्यावरणीय अध्ययन हो । समकालीन नेपाली कविहरूमध्ये अविनाश श्रेष्ठ मूलतः पर्यावरणीय चेतनाका कविता लेख्ने कवि हुन् । उनको 'करोडौं सूर्यहरूको अन्धकार' कवितासङ्ग्रहमा समाविष्ट यसै शीर्षकको कवितालाई यस लेखमा पर्यावरणीय समालोचनाअन्तर्गतको गहिरो पारिस्थितिकी चेतनाका आधारमा गरिएको विश्लेषणबाट प्राप्त तथ्यहरूका केन्द्रीयतामा उक्त कविताको विश्लेषण गर्दा गहन पर्यावरणका कोणबाट प्रस्तुत कविता उल्लेखनीय देखिन्छ । चयन गरिएका कविताका साक्ष्यहरूमा गहिरो पारिस्थितिकी सिद्धान्तका कतिपय मान्यताहरू स्पष्टसँग घटित भएको पाइन्छ । गहिरो पारिस्थितिकी चिन्तनको प्रयोगले कवितामा भावगत, विचारगत र शिल्पगत प्रभावकारितामा गहिरो प्रभाव पारेको र यस किसिमको प्रभावका कारण यो कविता पर्यावरणीय अन्तर्विषय, विचार, चिन्तन, कलात्मक सौन्दर्य आदि सबै दृष्टिले विशिष्ट बनेको निष्कर्ष प्राप्त भएको छ । कविताको विश्लेषणबाट प्रस्तुत कवितामा एकातिर पारिस्थितिकी र मानवीय संवेदनाको राम्रो अभिव्यञ्जना भएको पाइन्छ भने अर्कातिर पर्यावरणमाथि मानवीय अतिक्रमणजस्ता विश्व-ब्रह्माण्ड नै सङ्कटापन्न स्थितिमा पुग्न सक्ने त्रासद स्थिति पनि अभिव्यक्त भएको देखिन्छ । प्रस्तुत कवितामा गहिरो पारिस्थितिकी चेतनाको प्रयोगबाट पर्यावरणीय अन्तर्विषयकताले प्रवेश पनि पाएको पाइन्छ । पर्यावरण र मानवीय संवेदनाका विभिन्न पक्षमा प्रयोग हुने स्तरीय शब्दको प्रयोग र तिनले दिने विशिष्ट अर्थले कविताको विषयवस्तुलाई प्रभावकारी बनाएको देखिन्छ । प्रकृति आफैंमा स्वतन्त्र अस्तित्व भएको तत्त्व भएको हुनाले र यो मानवीय संवेदनासँग निकट रहेकाले मानिसले यसलाई उपभोग्य वस्तुका रूपमा नभई संवेदनशील तत्त्वका रूपमा व्यवहार गर्नुपर्ने विचार अभिव्यक्त भएको प्रस्तुत कविता अविनाश श्रेष्ठका कवितामध्ये गहिरो पारिस्थितिकी चेतनाको सबल प्रयोग गरिएको कविता हो । त्यसकारणले उनका अन्य कविताहरूका तुलनामा प्रस्तुत कविता बौद्धिक, प्रभावकारी र सशक्त देखिन्छ । कविताको विषय र चेतनाका रूपमा प्रयुक्त गहिरो पारिस्थितिकी

चिन्तनले कविताको विषयक्षेत्र र शैलीक्षेत्रलाई समेत गहन र व्यापक बनाएको देखिन्छ । पारिस्थितिक प्रणालीसँग मानवीय संवेदनाको सम्बन्ध र पर्यावरणमाथि मानवीय अतिक्रमणजस्ता विरोधाभासी भएर पनि परस्पर सम्बद्ध विषयको अभिव्यक्तिका कारण कविता बढी प्रभावपूर्ण बनेको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, लक्ष्मणप्रसाद (२०७०). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* (दोस्रो संस्क.), काठमाडौं : आरिएन्टल पब्लिकेसन ।

त्रिपाठी, गीता (२०८०). समकालीन नेपाली कवितामा पर्यावरण. (सम्पा.), गोविन्दराज भट्टराई र विजय हितान), *पर्यासाहित्य, सिद्धान्त र सिर्जना,* (पृ.६९-११२), काठमाडौं : सम्पूर्ण किताब ।

भट्टराई, गोविन्दराज (२०८०). इको साहित्य/परिवृत्तीय सिर्जना र मूल्याङ्कन. (सम्पा.), गोविन्दराज भट्टराई र विजय हितान), *पर्यासाहित्य, सिद्धान्त र सिर्जना,* (पृ.१३-४६), काठमाडौं : सम्पूर्ण किताब ।

श्रेष्ठ, अविनाश (२०८१). *करोडौं सूर्यहरूको अन्धकार.* (दोस्रो संस्क.), काठमाडौं : माया पब्लिकेसन प्रा. लि. ।

सुब्बा, मनप्रसाद (२०८१). कवि अविनाशका आँखामा बिम्बित विनाश. *करोडौं सूर्यहरूको अन्धकार,* अविनाश श्रेष्ठ, (दोस्रो संस्क.), (पृ. १२५-१३८), काठमाडौं : माया पब्लिकेसन प्रा.लि. ।

हितान, विजय (२०८०). पर्यासाहित्य : आजको आवश्यकता र महत्त्व. (सम्पा.), गोविन्दराज भट्टराई र विजय हितान), *पर्यासाहित्य, सिद्धान्त र सिर्जना,* (पृ.४७-५६), काठमाडौं : सम्पूर्ण किताब ।

Glotfelty, C & Fromm, H. (1996), *The Ecocriticism Reader*. Georgia : University of Georgia Press.

Naess. A (1989). *Ecology, Community and Lifestyle*. USA : Cambridge University Press.